कपुरकोट गाउँपालिका

कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग : ३ संख्याः ०१ मितिः २०८०/०५/२१

## सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०५/२१

प्रमाणिकरण मितिः २०८०/०५/२१

**प्रस्तावना:**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७८ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निमार्ण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निमार्णको लागि कार्यान्वयन गर्न वाञ्छनीय भएकोले

स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम कपुरकोट गाउँपालिका सल्यानले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि कपुरकोट गाउँपालिका गाउँ कार्यापालिकाले पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "गाउँपालिका" भन्नाले भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "छनौट तथा कार्यान्वयन समिति" भन्नाले दफा ११ को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) सुरक्षित नागरिक आवास भन्नाले आगलागी तथा हावापानी थेग्न सक्नेगरी निमार्ण गरिएका काठ, इट्टा, ढुङ्गा ब्लक, पराल खर वाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्दछ ।

(घ) लाभग्राही भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनस पर्छ ।

(ङ) लक्षित वर्ग भन्नाले पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनुपर्छ ।

## परिच्छेद २:

### लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम संचालन स्थान

**३. कार्यक्रम संचालन स्थान:**

(क) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम कपुरकोट गाउँपालिकाको ६ वटै वडाहरुमा संचालन गरिनेछ।

(ख) कार्यक्रम संचालन स्थान पहिचान गर्दा संम्भव भए सम्म विपन्न परिवारको एकिकृत आवास निमार्णमा जोड दिइनेछ।

(ग) यथा स्थानमा पुनःनिमार्ण गरिने सुरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरि निमार्ण गरिनेछ।

**४) सुरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नका लागी तपसिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।**

(क) नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएका प्रमाण सहित वडा कार्यालयको सिफारिस ।

(ग) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

(घ) हालसालै खिचिएको पासपोर्ट साईजको दुई प्रति फोटो ।

**५.लाभग्राहीको छनौट प्रक्रिया:**

(क) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवा ग्राहिबाट अनुसुचि– ३ बमोजिम ढाँचामा वडामा आवेदन दिन सक्नेगरि गाउँपालिकाबाट १५ दिनको सार्वजनिक सुचना जारि गरिनेछ । यस भन्दा अगाडी खरको छाना भएको लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिने छ ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभाग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट अनुसुचि ३ मा भएका सुचकहरुको आधारमा अंक प्रदान गरिनेछ ।

(ग) उपदफा (ख) बमोजिमका सुचकहरुबाट सबै भन्दा बढि अंक प्राप्त गर्ने घर परिवार पहिलो प्राथमिकतामा पर्ने गरि क्रमशः उच्च अंक प्राप्त सुचिको आधारमा विपन्न घर परिवारको छनौट गरि वडा समितिले गाउँपालिकामा सिफारिस गर्नुपर्ने छ ।

(घ) उपदफा (ग) बमोजिम खरको छाना भएको लक्षित घरपरिवार सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरुको एकिन गरि कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा १० बमोजिमको समितिले कार्यपालिका समक्ष पेश गर्नेछ ।

(ङ) लाभग्राही छनौट गर्दा प्राकृतिक प्रकोपबाट घरवार विहिन भएका घरपरिवार, बृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगलि जनावरबाट निरन्तर पिडित भई रहने तथा अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन् ।

(छ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिइने सहयोग वा समपुर कोषका लागि बाधा पुगेको मानिने छैन ।

ज) कुनै अर्को ठाउँमा घर भएका लाभग्राहीहरुलाई अनुदान दिईनेछैन । कानुन बमोजिम अंशबण्डा नभएका तर सामाजिक रुपमा छुट्टीभिन्न भई आ- आफ्नो आर्थिक लगायत अन्य कारोबारहरु अलग अलग गर्नेहरुको हकमा अनुदान दिन सकिनेछ ।

झ) घर गोठ/ धनसार भएकोमा गोठ/ धनसारमा जस्तापाता लगाएको तर घरमा नलगाई अनुदान मागको लागि निवेदन दिएमा त्यस्तो निवेदन उपर कुनै कारवाही हुनेछैन ।

ञ) पहिलो पटक सुचना प्रकाशन भई संकलन भएका निवेदनहरु माथि पालिकास्तरिय छनौट तथा कार्यान्वयन समितिले पहिलो वर्षको लक्ष्य अनुसार

लाभग्राही छनौट गर्ने र त्यस पछि क्रमश बाँकी वर्षहरुमा सोही वर्षको लक्ष्य तथा कोटा अनुसार लाभग्राहीहरुलाई छनौट गरि कार्यान्वयन गर्दै लगिनेछ ।

## परिच्छेद ३:

### सम्झौता, निमार्ण तथा रकम निकासा सम्बन्धि

**६ सम्झौता:**

क) दफा ५ बमोजिम सुरक्षित नागरिक आवसका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागिहरुसंग अनुसुचि २ बमोजिमको ढाँचामा तपसिल बमोजिमका कागजातहरु सहित पेश गरेपश्चात सम्झौता गरिनेछ।

तपसिल:

- अनुसुचि २ बमोजिमको लाभग्राहीको निवेदन,
- नेपाली नागरिकताको प्रमाणत्र / प्रमाणित प्रतिलिपी,
- जग्धनि प्रमाण पुर्जा वा घर जग्गाको तिरो तिरेको रसिद वा शुल्क बुझाएको कागजात वा आफु विगत लामो समयदेखि स्थायी रुपमा सो स्थानमा बसोबास गरि आएको भन्ने प्रमाण,
- खर /फुस/ पराल बाट छाएको भन्ने सम्बन्धित वडाको लाग्राही सिफारिस ।

ख) सम्झौता गर्ने / गराउने तथा खर्च सम्बन्धि सम्पुर्ण जिम्मेवारी गाउँपालिकाको योजना/ प्रशासन शाखाको हुनेछ ।

**७. निमार्ण कार्य र लागत सहभागिता:**

क) लाभग्राही र गाउँपालिका बिच सम्झौता पश्चात गाउँपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निमार्ण गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा गाउँपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने
रकम बाहेक थप सेवाग्राही स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निमार्ण गर्नुपर्ने भएमा गाउँपालिकाको पुर्व स्विकृति लिनु पर्नेछ ।

घ) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग कपुरकोट गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

**८. अन्य निकायले सहयोग गर्ने:**

(क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा ( प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ख) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

**९. रकम निकासा:**

क) सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

ख) गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा सम्पूर्ण काम सम्पन्न भएपश्चात लाभग्राहीले पाउने पुरा रकम एकमुष्ट रुपमा बैक मार्फत उपलब्ध गराईनेछ ।उक्त रकम प्राप्त गर्नका लागि अनुसूचि ४ बमोजिमको प्राविधिक प्रतिवेदनका आधारमा तपसिल बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

<u>तपसिल:</u>

- भुक्तानी का लागि निवेदन
- सम्झौता पत्र
- वडा कार्यालयको सिफारिय
- प्राविधिक प्रतिवेदन
- सम्पन्न फोटोहरु
- आवश्यक विलभर्पाईहरु लगायत अन्य कागजातहरु ।

ग) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. ५० हजार सम्म हुनेछ जसमा उक्त रकमबाट कन्टेन्जेन्सी रकम २ % कट्टागरि बाँकी रकम भुक्तानी गरिनेछ । कन्टेन्जेन्सीबापत काटिने २% प्राविधिक लागत अनुमान, अनुमगन मुल्यांकन र बैठक व्यवस्थापन लगायतमा खर्च गरिनेछ ।

घ) कुनै लाभग्राहीले विशेष कारण बस तोकीएको मिति भित्र निमार्ण कार्य सम्पन्न गर्न नसकेमा भुक्तानी दिन कार्यालय बाध्यहुने छैन ।

ङ) "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ (संशोधन)" बमोजिम नै छनौटमा परेका लाभग्राहीहरुले रंगीन (रातो) जस्तापाताले निर्माण कार्य गरेमा एकमुष्ट रु ५० हजार र सादा जस्तापाताद्वारा निर्माण सम्पन्न गरेमा एकमुष्ट रु ४० हजार मात्र प्रतिघर/ प्रतिपरिवार भुक्तानी गरिनेछ ।

**परिच्छेद ४**

**समिति सम्बन्धी व्यवस्था:**

**१०. पालिका स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति:**

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन अनुगमन मुल्यांङ्कन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछ:

१) पालिका प्रमुख - संयोजक

२) पालिका उप्रमुख - सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४) कार्यपालिकाबाट मनोनित महिला सदस्य - सदस्य

५) प्राविधिक शाखा प्रमुख/ प्राविधिक - सदस्य

६) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

७) योजना/ प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

उल्लेखित ७ सदस्यीय समिति भएतापनि कार्यपालिका महिला सदस्य र सम्बन्धित वडाको वडा अध्यक्षहरुलाई आवश्यकताको आधारमा बैठकमा बोलाउन सकिनेछ भने आवश्यकता अनुसार अन्य सम्बन्धीत कर्मचारीहरुलाई आमन्त्रीत सदस्यको रुपमा बैठकमा बोलाउन सकिनेछ ।

**ख) पालिका स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

क) कार्यक्रम संचालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

ख) विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागि सुचना आह्वान गर्ने ।

ग) प्राप्त दरखास्तहरुबाट दफा ४ बमोजिम छानविन गरी लक्षित घरधनिको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

घ) वडा तहबाट सिफारिस  भई आएका लाभग्राही परिवारको अन्तिम टुंगो लगाउने ।

ङ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजिकरण गर्ने ।

च) कुनै कारणवस निमार्ण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्यांङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

छ) सुरक्षित नागरिक आवास निमार्ण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरुसँग समन्वय सहकार्य र योजना माग गर्ने ।

ज) प्रशासन तथा योजना शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न / गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

झ) आवश्यक अनुसार अनुगमन मुल्यांङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

**ग) बैठक र सुविधा सम्बन्धी व्यवस्था**

१) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

२) बैठकमा आवश्यकता  अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

३) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितीका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च कार्यपालिकाको बैठक सरह हुनेछ ।

## परिच्छेद ५: विविध

**११. बेच बिखन गर्न नपाउने:**

लाभग्राहीले आवास निमार्ण सम्पन्न भएको मितिले तिन बर्षसम्म उक्त आवास बेचविखन गर्न पाउने छैन ।

**१२ कारबाही हुने:**

सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभाविन्त हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाँकि सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

**१३. बचाउ**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था  गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ संशोधन सहितलाई मुल आधार मानिने छ ।

ग) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

## अनुसूची – १

(परिच्छेद ३ को दफा (६) संग सम्बन्धित)

## कपुरकोट गाउँपालिका र सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही बिच अनुदान उपलब्ध गराउने सम्बन्धि सम्झौता पत्र

१. **लाभग्राहीको व्यक्तिगत विवरण:**

लाभग्राहीको नामथर(अंग्रजीमा):

… … … … … … … … … … … … … … … … … … … … … … … … …

लाभग्राहीको

नामथर(नेपालीमा): … … … … … … … … … … … … … … … … … … … … … … … … …

… …

नागरिकतामा उल्लेखित ठेगाना:

जिल्ला: … … … … … … … … … … … ….

म.न.,/उ.म.न.पा.,/न.पा./गापा: … … … … … … … … … … … … … … …. . वडा नं.:

… … …. .

नागरिकता प्रमाण पत्र नं.: … … … … … … … … … … … … … … … … … …. जारी

जिल्ला: … … … … … … … … … …. . जारी मिति: … … … … … … … … … …

जन्म मिति: … … … … … … … … … … … … … … … … सम्पर्क

नं. … … … … … … … … … … … … … … … … … … … … …

**स्थायी ठेगाना र नागरिकतामा उल्लेखित ठेगाना फरक भएमा**

(बसाईसराईको विवरण उल्लेख गर्ने)

बसाईसराई प्रमाणपत्र नं… … … … … … … … … … … … … … … … … ….

बसाईसराई मिति: … … … … … … … … … … … … … … … … … … … … …. .

लाभग्राहीको औंठाछाप

लाभग्राहीको फोटो

दाँया बाँया

लाभग्राहीको हस्ताक्षर:

मिति:

२. **लाभग्रहीको बैंक खाता विवरण(तोकीएको बैङ्कमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**

बैंक खाता नं.
खातावालाको नामथर:
बैंकको नाम:
शाखा:

**३. कार्यक्रम स्थल:-** जिल्ला- सल्यान, गाउँपालिका - कपुरकोट, वडा नं ..........

**४. उद्देश्य:** आवास निर्माण ।

**५. कुल लागत:** .................. गाउँपालिका अनुदान .................... लाभग्राहीको सहभागिता .............

**६. प्रस्तावित निमार्ण कार्य अवधि:**

क) **शुरु हुने मिति** : …………………………./…………./……………… .ख) पुरा हुने मिति: …… …………/……../………

**७. निमार्ण कार्य सम्बन्धि सेवा र शर्तहरु:**

क) लाभग्राहि र गाउँपालिका बिच सम्झौता पश्चात गाउँपालिकाबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा छाना निमार्ण गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा गाउँपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने
रकम बाहेक थप रकम सेवाग्राहि स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग कपुरकोट गाउँपालिकाबाट उपलब्ध हुनेछ ।

ङ) सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

च) गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा जस्ता पाताले छाना छाउनको

लागि सम्पूर्ण काम सम्पन्न पश्चात एकमुष्ट रकम बैक मार्फत उपलब्ध गराउनेछ ।

छ) "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ (संशोधन)" बमोजिम नै छनौटमा परेका लाभग्राहीहरुले रंगीन (रातो) जस्तापाताले निर्माण कार्य गरेमा एकमुष्ट रु ५० हजार र सादा जस्तापाताद्वारा निर्माण सम्पन्न गरेमा एकमुष्ट रु ४० हजार मात्र प्रतिघर/ प्रतिपरिवार भुक्तानी गरिनेछ ।जसमा २% कन्टेन्जेन्सी रकम कट्टा गरिनेछ ।

ज) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

**८. सम्झौताका पक्षहरु:**

| **कार्यालयको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| नामः | लाभग्राहीको नाम: |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

कार्यालयको छाप:

**साक्षी:**

नामथर:

पद:

हस्ताक्षर

## अनुसुची -२

**दफा ५ (क) सँग सम्बन्धित लाभग्राहीले दिने निवेदनको ढाँचा:**

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

कपुरकोट गाउँपालिका, कपुरकोट सल्यान ।

विषय: सुरक्षित नागरिक आवास अनुदान सम्बन्धमा ।

म कपुरकोट गाउँपालिका .....नं. वडा ..........................टोलमा स्थायी बसोवास गरिरहेको र मेरो आर्थीक अवस्था कमजोर रहेको हुँदा घरको छाना खर, फुस / पराल वाट छाएको छ तसर्थ गाउँपालिकाबाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराई मेरो कि.नं. ..............................

को–........................................................क्षेत्रफलमा रहेको घर जस्तापाताले छाउनकालागि अनुदान रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गर्दछु ।

निवेदक:

नाम थर..................

ठेगाना....................

व्यहोरा ठिक साचो हो भनि सिफारिस गर्ने वडा अध्यक्षको:

नामथर: .......................................

ठेगाना: ......................................

हस्ताक्षर: ................

मिति:

कार्यालयको छाप:

## अनुसुची -३

**दफा ५ (ख) सँग सम्बन्धित**

**लाभग्राहीहरूको छनौटका आधारहरू**

| क.स | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टका जोर्नी -० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल - ५<br>ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्ववासी र विवाद रहित) -१०<br>नदी/ताल किनारामा बसोबास गरेको -० | |
| ५ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालवालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१०<br>अन्य -० | |

CS Scanned with CamScanner

**नोट:** (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरधनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिने छैन ।

(२) कार्यविधिको दफा ५ को (ङ) मा उल्लेखित प्राकृतिक प्रकोपका कारण घरवार विहिनभएका घरपरिवारलाई पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूचि बमोजिम मुल्यांङ्कन गरिनेछैन ।

## अनुसुचि ४

दफा ९ (ख) संग सम्बन्धित

## प्राविधिक प्रतिवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

कपुरकोट गाउँपालिकाको कार्यालय, कपुरकोट सल्यान ।

**विषय: प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।**

प्रस्तुत विषय सम्बन्धमा यस कपुरकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० बमोजिम देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नाम:

लाभग्राहीको ठेगाना:

सम्झौता मिति:

**(जुन अवस्था हो सो मा रेजा लगाउने)**

**हालको अवश्था:** सामान साईटमा उपलब्ध भएको ☐

कार्य सम्पन्न भएको ☐

**सिफारिस: संलग्न फोटो बमोजिम कार्य भएकोले**

☐ अनुदानको एकमुष्ट रकम उपलब्ध गराउन सिफारिस गर्दछु ।

☐ निर्माण कार्य सम्पन्न भएको बेहोरा सिफारिस गर्दछु ।

(नोट: प्रगतिको अवश्था देखिनेगरि हालको फोटो प्रतिवेदन संग संलग्न छ ।)

**प्रतिवेदकको**

नामथर

हस्ताक्षर:

पद:

मिति:

...........................

आज्ञाले
भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत